# ऐन नं १

## वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ संशोधन गर्न बनेको ऐन, २०८०

लेटाङ नगरपालिकाको क्षेत्र भित्र रहेको वनको सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनका माध्यमबाट दिगो व्यवस्थापन गरी वनमाथिको सामुदायिक तथा नीजि अधिकार सुनिश्चितता, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवम् वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोबाट प्राप्त लाभको न्यायोचित बाँडफँड गर्दै दिगो विकास, आर्थिक समृद्धि र लैङ्गिक तथा सामाजिक न्याय हासिल गराउन वन ऐन २०७८ मा भएका व्यवस्थाहरू संशोधन गर्न

नेपालको संविधानको धारा २२१ को अधिकार प्रयोग गरी धारा २२६ अनुसार लेटाङ नगरपालिकाको १४ औं नगर सभाले वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ संशोधन गर्न बनेको ऐन २०८० जारी गरेको छ।

### परिच्छेद १ प्रारम्भिक

१. सम्क्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ संशोधन गर्न बनेको ऐन २०८०" रहेको छ।

२. यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

### परिच्छेद २ वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ मा संशोधन

१. मूल ऐनको दफा १६ पछि देहायको व्यवस्था सहित १६क थप गर्नेः

संशोधन गर्नुपर्ने व्यवस्था

| सम्बन्धित दफा | साविकाको व्यवस्था | थप हुनुपर्ने व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|
| दफा १६ पछि दफा १६क स्थानीय तहबाट सामुदायिक वनलाई अनुदानः | नरहेको | १६ क (१)ऐन र प्रचलित कानुन अनुसार यस अघि दर्ता भएका चुरे क्षेत्रका सामुदायिक वनलाई समूहको आन्तरिक आयमा भएको संकुचनका कारण नियमित सञ्चालन गर्न नसक्ने अवस्था भएको भनि सामुदायिक वनले | वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ को प्रस्तावना अनुसार सामाजिक न्याय |

भुपेन्द्र कुमार लावती
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | | नगरपालिकामा लेखी आएमा नगरपालिकाले सिफारिस समितिको सिफारिसका आधारमा कार्यपालिकाले तोकेबमोजिम अनुदान उपलव्ध गराउन सक्नेछ।<br>(२)उपदफा (१) अनुसारको सामुदायिक वनको अवस्था अध्ययन र अनुदानको सिफारिस गर्न नगर स्तरमा देहायको एक समिति रहने छ।<br>क) नगर प्रमुख अध्यक्ष<br>ख) नगर उपप्रमुख सदस्य<br>ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत सदस्य<br>घ) वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक सदस्य<br>ङ) वन वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख सदस्य सचिव<br>३)समितिले बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ। | हासिल गर्न कानुनी व्यवस्था गर्न |